# क्लाइमेट गभर्नेन्स इन्टिग्रिटी प्रोग्राम (CGIP)

जलवायु सुशासन र सदाचार कार्यक्रम (CGIP) जलवायु वित्तलाई सदाचार, पारदर्शिता र जवाफदेहितामार्फत सुशासित गर्न तर्जुमा गरिएको हो। ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा संचालित यो कार्यक्रम विश्वभरका २५ भन्दा बढी  देशहरूमा त्यहाँका सबैभन्दा प्रभावित समुदायहरूलाई जलवायु संकटसँग अभ्यस्त हुनकालागि सघाउन सञ्चालन भइरहेको छ।

यस कार्यक्रमले मुख्यतः जलवायु नीति, जलवायु कार्य र जलवायु न्यायका लागि पहल गर्दछ। जलवायु नीति अन्तर्गत जलवायु कार्य सम्बन्धी नीति बनाउने तथा प्रक्रियाहरु पारदर्शी, जवाफदेही र समावेशी बनाउने रहेको छ। जलवायु कार्यभित्र जवाफदेहिता, सदाचार, जलवायुसम्बन्धि कार्यको निगरानी पर्दछ। त्यसैगरी जलवायु न्याय अन्तरगत वातावरणीय अपराध र भ्रष्टाचारबाट पीडितहरूका लागि उचित न्याय दिलाउनु रहेकको छ। यी सबै कार्यहरुमा भ्रष्टचारबाट प्रभावितका साथै न्यून प्रतिनिधित्व भएका महिला, ग्रामिण जनसंख्या, विपन्न घरपरिवार र युवालगायतलाई विशेष जोड दिइन्छ।

नेपाल जलवायु परिवर्तनबाट अति प्रभावित राष्ट्रहरुमध्येको एक हो। जलवायु परिवर्तनको असर कृषि, वन, उर्जा, प्राकृतिक स्रोत, पर्यटन, स्वास्थ्य र जीविकोपर्जनलगायतका क्षेत्रमा परेको देखिन्छ। नेपालले जलवायु परिवर्तनसम्बन्धी समस्याहरुलाई सम्बोधन गर्न नीति तथा कार्यक्रम निर्माण गरी काम गर्न शुरु गरेको छ। यस कार्यमा विभिन्न सरकारी, गैरसरकारी, दातृनिकाय र सरोकारवाल प्रत्यक्षरुपमा क्रियाशील रहँदैआएका छन्। जलवायु परिवर्तनको कार्यमा खर्च हुने स्रोतसाधन पनि क्रमशः बढ्दै गइरहेको छ। नेपालको शासन प्रणालीलाई बलियो बनाउनेतर्फ जलवायु परिवर्तनको अनुकुलन तथा न्यनिकरणजन्य गतिविधिहरुमा पारदर्शीता, जवाफदेहिता र सुशासन सहायक हुन सक्दछन्। यसका लागि विभिन्न तहका सरकारको प्रतिवध्दता र तिनको पूर्णरुपमा कार्यन्वयनमा जनसहभागिता बढाउन आवश्यक छ। जलवायु परिवर्तनबाट प्रभावित समुदायका गुनासा सम्बोधन हुनुपर्ने देखिन्छ। यसै परिप्रेक्ष्यमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले जलवायु परिवर्तनसम्बन्धी कार्यमा सदाचार र सुशासन परियोजना सन् २०२३ देखि शुरु गरेको छ।

क्लाइमेट गभर्नेन्स इन्टिग्रिटी प्रोग्राम (CGIP) जलवायु वित्त सुशासित, निष्ठापूर्ण, पारदर्शि र जवाफदेहिताका साथ सदुपयोग भएको सुनिश्चित गर्न निर्माण गरिएको हो ताकि नेपाल लगायत विश्वका १०० भन्दा बढी देशका विपन्न समुदायहरु अनुकूलन हुन सकून्।

बटम-अप दृष्टिकोणमा जोड दिँदै CGIP तीन परिणामहरू वरिपरि व्यक्त गरिएको छ: जलवायु नीति (ताकि जलवायु कार्य सम्बन्धि नीति निर्माण प्रक्रियाहरू अधिक पारदर्शि, जवाफदेही, र समावेशी बनून्), जलवायु कार्य (ताकि सुदृढ जवाफदेहिता, सदाचार र विश्वव्यापी तथा स्थानीय रूपमा जलवायु सम्बन्धी कार्यको निगरानी होस्), र जलवायु न्याय (ताकि वातावरणीय अपराध र भ्रष्टाचारका पीडितहरूका लागि सुदृढ न्याय परिणामहरू आउन्)।

## CGIP नेपालका गतिविधिहरू

CGIP नेपालका गतिविधिहरू ट्रान्सपरेन्सी इन्टरनेशनल सचिवालयद्वारा प्रवर्द्धित २५ अधिक देश-स्तरीय गतिविधिहरूको एक हिस्सा हो। तिनीहरू नेपालको जलवायु परिवर्तन सम्बन्धी अवस्थालाई उचित ध्यान दिएर निर्माण गरिएको हो र मुख्यतया निम्न विषयमा केन्द्रित छन्:

- जलवायुसँग सम्बन्धित वैकल्पिक उर्जा र जीवाश्म ईन्धन आदि विषयमा स्वार्थको द्वन्द्व वा अनुचित प्रभाव बारे अनुसन्धान र वकालत
- जलवायु सदाचार पहलहरू बारे परम्परागत र नयाँ मिडिया मार्फत जनजागरण
- जलवायु परिवर्तनमा जवाफदेहिताका विषयमा सरकार र सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने
- युवाहरूमा जलवायु अपराध सम्बन्धी ज्ञान विस्तार गर्ने
- जलवायु वित्त र वातावरणीय सदाचार आदि बारे अनुसन्धान र वकालत गर्ने
- जलवायु सम्बन्धि सरकारी तथा निजि लगानीमा सदाचार प्रतिबद्धताहरू प्रवर्द्धन गर्ने
- स्वच्छ ऊर्जा, हरियाली क्षेत्र प्रवर्धन, जलवायु प्रकोप तयारी आदिको निगरानी गर्न समुदायलाई संलग्न गराउने
- वातावरण संरक्षणको लागि स्थानीय सरकारी स्तरमा सामाजिक जवाफदेहिताका उपकरणहरू प्रवर्द्धन गर्ने
- राष्ट्रिय र स्थानीय स्तरमा जलवायु परियोजनाका कार्यहरू र परिणामहरूको नक्साङ्कन गर्ने
- जलवायु हानि र क्षति, प्रकोप पूर्वतयारी, इत्यादिका बारेमा रिपोर्ट र कथाहरू प्रवर्द्धन गर्ने
- आदिवासी, जनजाति, पिडित र जोखिममा रहेकाहरूको वातावरण र जलवायु गुनासोहरू समाधान गर्न मोबाइल एलाक सञ्चालन गर्ने
- नेपालको NDC, NAPA को अनुभव र COP का परिणामहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आदानप्रदान गर्ने

**CGIP** नेपाल वन तथा वातावरण मन्त्रालय, काठमाडौं महानगरपालिका र समाज कल्याण परिषद् नेपालबाट स्वीकृत छ ।

**CGIP नेपाल अवधि**

अक्टोबर २०२३ देखि अक्टोबर २०२४

**CGIP नेपाल बजेट**

नेरु २०६५८४५४ (युरो १४३१९३)

यो परियोजना ट्रान्सपरेन्सी इन्टरनेशनलको 'क्लाइमेट गभर्नेन्स इन्टिग्रिटी प्रोग्राम' अन्तरगत Waverley Street Foundation को आर्थिक सहयोग अन्तर्गत सम्भव भएको हो